प्रदेश सरकार

लुम्बिनी प्रदेश

# स्वास्थ्य जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय

मुकामः बुटवल, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं:** MOHP&FW/ SQ/GOODS/01/2078-79

**प्रथम पटक प्रकाशित मिति २०७८।११।१६**

१. यस मन्त्रालयबाट चालु आ. ब. ०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनुपर्ने भएकोले नियमानुसार ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाबाट निम्न शर्तहरुको अधिनमा रही रीत पूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

१. अद्यावधिक नविकरण गरिएको इजाजतपत्र, स्थाई लेखा नं. प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७७/०७८ सम्मको आयकर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित देहायको बैक तथा कोडमा फिर्ता नहुने गरी रु. १०००।- (अक्षरुपी रु. एकहजार मात्र।) दरभाउपत्र दस्तुर तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिन मिति २०७८/११/३० गते कार्यालय समयमा यस कार्यालयबाट इच्छुक सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सक्नेछ।

| | | |
|---|---|---|
| Office Name | Ministry of Health, Population and Family Welfare, Lumbini Province. | |
| Office Code No. | **3700048015** | Rastriya Banijya Bank, Butwal |
| Rajaswa Khata No. | **1000100200010000** | |
| Rajaswa Title No. | **14229** | |
| Deposit Account No.(धरौटी) | **31200202030000** | |

२. राष्ट्रिय वाणिज्य बैंक, बुटवल शाखामा रहेको यस कार्यालयको नाम र **कोड नं** ३७०००४८०१५ मा खरिद गरेका फारामहरुमा उल्लेख भएका सबै विवरण भरी सिलबन्दी दरभाउपत्र दाताले प्रत्येक पानामा सहीछाप गरी दरभाउपत्र सिलबन्दी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपाइटरको नाम र ठेगाना मोबाइल नं समेत स्पष्ट खुलाइ फर्मको आधिकारिक छाप लगाइ सिलबन्दी लाहा छाप प्रथम पटक सूचना प्रकाशित भएको मितिले **सोह्रौ दिन** मिति २०७८/१२/०१ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन।

४. सिलबन्दी दरभाउपत्र साथ कम्तिमा ७५ दिनको म्याद भएको तपसिलमा तोकिए बमोजिमको "क" वर्गको मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पत्र वा प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं ख. २.३ धरौटी खाता नं. ३१२००२०२०३०००० मा नगद जम्मा गरेको सक्कली बैंक भौचर दरखास्तका साथ अनिवार्य पेश गर्नु पर्ने छ। दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सोह्रौ दिनको ठिक २.०० बजे कार्यालयका प्रतिनिधि तथा सिलबन्दी दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। सिलबन्दी दरभापत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने दरभाउपत्र कार्यमा कुनै बाधा पर्ने छैन।

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने वा दरभाउपत्र खोल्ने अन्तिम दिन सार्वजिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोहि समयलाई उक्त प्रयोजनका लागि मान्यता दिइनेछ।

६. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

७. सिलबन्दी दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट देखिने बुझिने गरी लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दर्ताको सहीछाप अनिवार्य हुनुपर्ने छ।

८. सिलवन्दी दरभाउपत्रसाथ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखितरुपमा गरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली, २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

<u>तपसिलः</u>

| सि.नं | दरभाउपत्र नं | कार्यको विवरण | ल.ई.रकम रु. भ्याट सहित | बैंक जमानत रकम | बैक दस्तुर |
|---|---|---|---|---|---|
| १ | MOHP&FW/SQ/GOODS/01/2078-79 | डेस्कटप कम्प्यूटर, ल्यापटप कम्प्यूटर र प्रिन्टर | १०,००,०००/- | २५,०००/- | १०००।- |

**द्रष्टव्यः यो सूचनाको विस्तृत जानकारी मन्त्रालयको बेबसाइट https://www.mohp.lumbini.gov.np मा पनि हेर्न सकिनेछ।**